infodclamjung@dcourt.gov.np
फोन/फ्याक्स नं. ०६६-५२०१९५फोन नं.०६६-५२०५१७

# लमजुङ जिल्ला अदालत
## वेसीशहर, लमजुङ

सूचना ! सूचना !! सूचना !!!

यस अदालतमा सेवा लिन आउने न्यायका उपभोक्ताहरु सबैले नेपाली भाषा राम्रोसँग बोल्न र बुझ्न नसक्ने भएको र सरकारी काम काजको भाषा नेपाली भएकोले नेपाली भाषा बुझ्न नसक्ने व्यक्तिहरुका लागि न्यायीक काम कारवाहीमा असुविधा नहोस् र उनीहरुलाई उनीहरुले नै बुझ्ने भाषामा न्यायीक सेवा प्रवाह गर्ने उद्देश्यले न्यायमा पहुँच आयोग सर्वोच्च अदालतबाट दोभाषे सेवा उपलब्ध गराउन इच्छुक व्यक्तिहरुको सूची तयार पारी सेवा उपलब्ध गराउन लेखी आएको हुँदा यस लमजुङ जिल्ला अदालतको न्यायीक कामकारवाहीमा दोभाषे सेवा उपलब्ध गराउन इच्छुक देहायका भाषा बोल्न, लेख्न जान्ने व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र देहायको विवरण सहित दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। छनौट भएका दोभाषेहरुलाई सेवा उपलब्ध गराए वापत अदालती कामकारवाहीमा दोभाषे सेवाको प्रयोग सम्वन्धी निर्देशिका, २०७२ बमोजिम पारिश्रमिक समेत उपलब्ध हुने व्यहोरा जानकारी गराइन्छ।

### तपसिल

**दोभाषेको योग्यता**

१. सरकारी कामकाजको भाषा राम्रोसँग बोल्न र लेख्न जानेको
२. उल्था गर्नुपर्ने भाषा राम्रोसँग बोल्न र लेख्न जानेको छनौट भएका भाषाहरु
   (क) दुरा (ख) गुरुङ (ग) तामाङ (घ) मगर (ङ) नेवारी (च) चेपाङ (छ) हिन्दी (ज) अंग्रेजी आदी।

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

..........................
हरीगोपाल ज्ञवाली
सेस्तेदार(शा.अ.)